NHIIS

New Hampshire Immunization Information System

# बिरामी र अभिभावकहरूका लागि जानकारी

## इम्म्युनाइजेसन इन्फर्मेसन सिस्टम (IIS) के हो?

IIS, जसलाई कहिलेकाहीं भ्याक्सिन रजिस्ट्री पनि भनिन्छ, सुरक्षित (HIPAA अनुरूप), राज्यव्यापी, वेब (अनलाइन) मा आधारित एक प्रणाली हो जसले खोप व्यवस्थापन र चिकित्सा सेवा प्रदान गर्ने सार्वजनिक क्लिनिकहरू, निजी प्रदायक कार्यालयहरू, स्थानीय स्वास्थ्य विभागहरू, विद्यालयहरू, अस्पतालहरू, र अन्य स्वास्थ्य सेवा सुविधाहरू बीच खोप विवरण आदानप्रदान र जोड्ने काम गर्दछ।

NHIIS (न्यू ह्याम्शायरको इम्म्युनाइजेसन सिस्टम) न्यू ह्याम्शायरको स्वास्थ्य तथा मानव सेवा विभाग (DHHS) र सार्वजनिक स्वास्थ्य सेवाको विभाग (DPHS) को सेवा हो। NHIIS ले व्यक्ति वा स्वास्थ्य सेवा प्रदायकलाई सुन्य शुल्कमा खोप विवरण राख्छ।

## NHIIS का फाइदाहरू केके हुन्?

- NHIIS ले धेरै स्वास्थ्य सेवा प्रदायकहरूबाट आएको बिरामीको खोप विवरणलाई एकल र भरपर्दो रेकर्डमा सुरक्षित रुपमा राख्दछ;
- स्वास्थ्य सेवा प्रदायकहरूले बिरामीहरूको लागि आवश्यक पर्दा खोप रेकर्डहरू छिटो र सजिलोसँग पहुँच गर्न सक्छन् (जस्तै, विद्यालयहरू, इजाजतपत्र चाइल्ड केयर सेन्टरहरू, र/वा क्याम्पको लागि आवश्यक परेको अवस्था);
- NHIIS ले खोपहरू ट्र्याक/निगरानी गर्दछ जसको कारण बिरामीहरूले आवश्यक परेको बेला मात्र आवश्यक खोपहरू पाउँछन्
- रोगको प्रकोपको अवस्थामा, NHIIS ले बिरामीलाई तुरुन्तै खोप लगाउन आवश्यक छ कि छैन भनेर पहिचान गर्न मद्दत गर्न सक्छ; र
- बिरामीले बसाइँ सराइ गरेको, प्रदायक परिवर्तन गरेको, वा बाढी, आँधी, वा रोगको प्रकोप जस्ता प्राकृतिक प्रकोपको अवस्थामा स्वास्थ्य सेवा प्रदायकहरूले बिरामीको खोपको इतिहासमा पहुँच पाउँदछन्।

## NHIIS मा कसको विवरण राख्न सकिन्छ?

NHIIS जुनसुकै उमेरका कुनै पनि व्यक्तिको लागि खोपहरू रेकर्ड गर्न प्रयोग गर्न सकिन्छ। यद्यपि, सबै स्वास्थ्य सेवा प्रदायकहरूले NHIIS मा पूर्ण रूपमा भाग लिँदैनन्।

## NHIIS सँग कस्ता विवरणहरू खुला गरिन्छन्?

सहभागी प्रदायकहरूद्वारा NHIIS लाई खुला गरिएको विवरणहरूमा यी कुराहरू समावेश हुन सक्छ: बिरामीको नाम, जन्म मिति, लिङ्ग, पूरा ठेगाना, खोपको नाम, निर्माता, लट नम्बर र लगाएको मिति।

## के NHIIS मा बिरामीका विवरणहरू सुरक्षित राखिन्छन्?

हो। NHIIS मा खोपको विवरण र बिरामीको गोपनियताको सुरक्षाको लागि धेरै सुरक्षा संयन्त्रहरू अपनाइएका छन्।

## के बिरामीहरूको लागि NHIIS मा सहभागिता अनिवार्य छ?

छैन। NHIIS मा सहभागिता स्वैच्छिक हो।

- तपाईंसँग सेवा प्रदायकलाई जानकारी गराइ आफ्नो विवरण NHIIS मा पठाउने वा नपठाउने बारे निर्णय लिने अधिकार छ। यसको लागि तपाईंलाई एउटा छुट्टै फारम भर्नुपर्ने हुन सक्छ।
- यदि तपाईं आफ्नो विवरण खुला गर्न रोज्नुहुन्छ भने, तपाईंलाई तपाईंको/तपाईंको बच्चाको विवरण खुला गर्नको लागि स्पष्ट सहमति प्रदान गर्न आवश्यक हुनेछ र तपाईंको/तपईंको बच्चाको खोप विवरण NHIIS मा प्रविष्ट गरिनेछ।
- यदि तपाईं खुला नगर्न रोज्नुभएको खण्डमा भने, तपाईंको विवरण NHIIS मा प्रविष्ट गरिने छैन।

## के अन्य राज्यहरूमा इम्म्युनाइजेसन इन्फर्मेसन सिस्टम (IIS) छ?

इम्म्युनाइजेसन इन्फर्मेसन सिस्टम अन्य 49 राज्यहरूमा सञ्चालनमा छन्।

- केही राज्यहरूले IIS को जानकारी खुला गर्दछन् ताकि पूर्ण रेकर्डको कारण व्यक्ति जहाँ रहे पनि फरक नपरोस्।
- NHIIS सँग भने अझै यो सुविधा छैन, तर यो सुविधा सुचारु भएको खण्डमा, NHIIS सहभागीको विवरण अर्को राज्यको IIS सँग आदानप्रदान गर्न सकिनेछ।

## के विद्यालयहरूलाई यो डाटा/विवरणमा पहुँच छ?

NHIIS मा विद्यार्थीहरूको खोपको रेकर्डहरू हेर्न स्कूल नर्सहरूलाई "read only" (अवलोकन मात्र) को विशेषाधिकारहरू छन्। यदि तपाईंको बच्चाको रेकर्ड पहिले नै NHIIS मा छ भने, कागजको प्रतिलिपि आवश्यक परेको खण्डमा आफ्नो स्कूल नर्ससँग कुरा गर्नुहोस्।

## म थप जानकारी कहाँ पाउन सक्छु?

NHIIS बारे थप जान्नको लागि आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस्। थप जानकारी हाम्रो वेबसाइट मा उपलब्ध छ: https://www.dhhs.nh.gov/programs-services/disease-prevention/immunizations/nh-immunization-information-system

## बिरामीहरूले आफ्नो खोपको प्रतिलिपि कसरी प्राप्त गर्न सक्छन्?

यदि तपाईंले NHIIS सँग आफ्नो/आफ्नो बच्चाको खोप विवरण खुला (shared) गर्नुभएको छ भने, उक्त रेकर्ड यस प्यासेन्ट पोर्टलबाट प्राप्त गर्न सकिन्छ: https://www.vaccines.nh.gov/vaccination-record-instructions

यदि तपाईंले NHIIS सँग आफ्नो/आफ्नो बच्चाको खोप विवरण खुला (not shared) गर्नुभएको छैन भने, कृपया रेकर्डको प्रतिलिपि प्राप्त गर्न आफ्नो प्रदायकलाई सम्पर्क गर्नुहोस्।

NH DIVISION OF Public Health Services
Department of Health and Human Services

New Hampshire Immunization Program
Vaccinate for Life!
NH DEPARTMENT OF HEALTH & HUMAN SERVICES

NHIIS राज्य र संघीय कोषको संयोजन मार्फत वित्त पोषित छ।